नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले मिति २०८१।०४।२४ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिवज्यूहरूसँग उक्त मन्त्रालयहरूबाट सरकार गठन भएको एकसय दिनको अवधिमा सम्पादन गर्नुपर्ने कार्यको सम्बन्धमा छलफल गरी वार्षिक बजेट र कार्यक्रमसँग आवद्धता कायम गरी कार्ययोजना बनाई प्रभावकारी र नतिजामूलक तवरले कार्यसम्पादन गर्न निर्देशन दिनुभएको छ। साथै, सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विद्युतीय सुशासन आयोगको तेस्रो बैठकसमेत सम्पन्न भएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यसम्पादनसम्बन्धी छलफलका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले आवश्यक कानूनी सुधार र संस्थागत सुदृढीकरणलगायतका कार्य अगाडि बढाउन, दूरसञ्चार सेवा प्रदायकहरूले प्रदान गर्ने सेवालाई जनमुखी बनाउन र कानूनको परिपालना गर्ने गराउने कार्यमा केन्द्रित हुन निर्देशन दिनुभयो। उक्त छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री पृथ्वी सुब्बा गुरुङज्यू र सचिवज्यूले सूचना तथा सञ्चारको क्षेत्रमा हाल सम्पादित कार्य, विद्यमान समस्या, चुनौती र सरकार गठन भएको एकसय दिनमा सम्पादन गर्न सकिने कार्यको बारेमा प्रकाश पार्नुभएको थियो।

त्यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यसम्पादनसम्बन्धी छलफलका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले देशमा आन्तरिक उत्पादन र विकास गर्ने, जीवन उपयोगी शिक्षा प्रदान गर्ने र गरिबी निवारणको राष्ट्रिय लक्ष्य हासिल गर्ने गरी विज्ञान र प्रविधिको उपयोग गर्न तथा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक शिक्षाका क्षेत्रमा विद्यमान समस्या समाधान गरी शिक्षाको गुणस्तर बढाउन, विद्यार्थी भर्ना दर र टिकाउ दर वृद्धि गर्न, शैक्षिक क्यालेण्डरको पूर्ण परिपालना गराउन र आवश्यक कानूनी सुधार एवम् संस्थागत सुदृढीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाउन निर्देशन दिनुभएको छ। उक्त छलफलमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री विद्या भट्टराईज्यू र सचिवज्यूहरूले विज्ञान प्रविधि र शिक्षाको क्षेत्रमा विद्यमान समस्या, चुनौती र सरकार गठन भएको एकसय दिनको अवधिमा सम्पन्न गर्नसक्ने कामका बारेमा प्रकाश पार्नुभएको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यसम्पादनसम्बन्धी छलफलका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले निरोगी नेपाल बनाउने उद्देश्यलाई मध्यनजर गरी व्यक्तिको आहार, विहार र आरामलाई सन्तुलित रूपले अघि बढाउन आवश्यक कार्य गर्न निर्देशन दिनुभएको छ। साथै, उहाँले मन्त्रालयको आवश्यकताअनुसार कानुन परिमार्जनको कार्यलाई अघि बढाउन; स्वास्थ्यकर्मीमाथि हुने हातपात र स्वास्थ्यकर्मीको लापर्बाहीबाट

हुने क्षतिसमेतलाई कारबाहीको दायरामा ल्याउन; आयुर्वेदिक उपचार पद्धति, योग, रैथाने उपचार पद्धति र प्रविधिको अभिलेखीकरण र उपयोगमा ध्यान दिन; जीवनलाई प्रकृतिको नजिक र प्रकृतिलाई स्वच्छताको नजिक राख्ने कुरामा ध्यान दिन; अनावश्यक उपकरण र औषधिजन्य सामग्री खरिद गरी डम्पिङ गरी राख्ने प्रवृत्ति रोक्न र प्रयोग नभएका सामग्री र उपकरणहरू अन्य संस्थाहरूलाई उपलब्ध गराउन; कोभिडको समयमा निर्माण गरिएका पूर्वाधार र उपकरणको सदुपयोग गर्न; ओपिडी र इमर्जेन्सी सेवालाई सर्वसुलभ र थप प्रभावकारी बनाउन; शल्यक्रियाका लागि बिरामीहरूले लामो समय प्रतिक्षा गर्नुपर्ने अवस्थालाई तत्काल अन्त्य गर्न; स्वास्थ्य बिमालाई प्रभावकारी बनाई बिमा भुक्तानीलाई सरल र सहज बनाउन; पाँच, दश र पन्ध्र बेड क्षमताका निर्माण सम्पन्न अस्पतालहरूलाई उपकरण र जनशक्तिको व्यवस्था गरी तत्काल सञ्चालनमा ल्याउन र निर्माणाधीन अस्पतालहरू यथाशीघ्र निर्माण सम्पन्न गर्न; फार्मेसीहरूको व्यवस्थापन गरी औषधीको अभाव हुन नदिन; जिम्मेवारीविहीन भएका र विशेषज्ञताअनुसारको सेवा प्रवाह गर्न नपाएका जनशक्तिलाई यथाशीघ्र प्रयोगमा र विशेषज्ञता आवश्यक भएको स्थानमा स्थानान्तरणको व्यवस्था मिलाउन र निजी स्वास्थ्य संस्थाहरूको सेवालाई थप जनमुखी बनाउन निर्देशन दिनुभयो। उक्त छलफलमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री प्रदीप पौडेलज्यू र सचिवज्यूहरूले आधारभुत अस्पतालहरूको निर्माण, स्वास्थ्य बिमा र विपन्न नागरिकहरूले प्राप्त गर्ने उपचारको भुक्तानीका लागि स्रोत सुनिश्चितता र कानूनी सुधार गर्नुपर्ने, औषधीको मूल्य समायोजन गर्नुपर्ने जस्ता विषयमा प्रकाश पार्नुभएको थियो।

त्यसैगरी विद्युतीय सुशासन आयोगको तेस्रो बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले आयोगको अध्यक्षता प्रधानमन्त्रीले नै गर्न उपयुक्त नहुने हुँदा संरचनात्मक परिवर्तन गर्नुपर्ने; आयोगको काम, कर्तव्य र अधिकारलाई थप व्यवस्थित गरी आयोगलाई प्रभावकारी बनाउने विषयमा निर्देशन दिनुभयो। उक्त बैठकमा आयोगका सदस्य सचिव दिपेश विष्टले आयोगले हालसम्म सम्पादन गरेका कामकारबाही, चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमलगायत बैठकको कार्यसूचीका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।

उक्त छलफलहरूमा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यू, नेपाल सरकारका मुख्यसचिवज्यू र सम्बद्ध उच्च पदस्थ कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

२०८१ साउन २५ गते, शुक्रबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता